सांगुरीगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेडेटार धनकुटा

# भेडेटार पिकनिक स्पट प्रवेश तथा सरसफाई शुल्क ठेक्का बन्दोबस्तको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६।०४।१७)

यस गाउँपालिकाको आर्थिक ऐन अनुसार उल्लेखित भेडेटार वनभोजस्थल (थाकलडाँडा पिकनिक स्पट) प्रवेश तथा सरसफाई शुल्क संकलन गर्न आ.व. २०७६/७७ देखि आ.व. २०७८/७९ सम्म तीन वर्षको लागि एकमुष्ठ ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समय भित्र दरभाउपत्र दस्तुर बापत रु. १,०००।०० (फिर्ता नहुने गरि) कार्यालयमा जम्मा गरेको नगदी रसिद, फर्म भएमा मु.अ.कर दर्ताको प्रमाण पत्र, नविकरण भएको फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु, व्यक्ति भए नागरिकताको प्रमाणपत्रको फोटोकपी निवेदन साथ संलग्न राखि दरभाउपत्र खरिद गर्न सकिनेछ। खरिद गरिएको दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२ बजे भित्र खामबन्दी गरि यस कार्यालयमा दर्ता गर्न सकिनेछ। दरभाउपत्रका शर्त, पेश गर्नुपर्ने कागजातहरु आदिका सम्बन्धमा दरभाउपत्र फारममा उल्लेख गरिएको छ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत